# नेपाल राष्ट्र बैंक

# प्रेस विज्ञप्ति

गभर्नर डा. युवराज खतिवडा रसियाको राजधानी मस्कोमा साउन ७ र ८ गते (July 23 - 24, 2011) आयोजित गैरआवासीय नेपालीहरूको छैटौं क्षेत्रीय सम्मलेन (6th NRN Regional Conference) मा सहभागी हुनुभई आज स्वदेश फर्कनुभयो ।

दुई दिने उक्त सम्मेलनको उद्घाटन समारोहमा गभर्नर डा. खतिवडाले नेपालका सम्भावित लगानी क्षेत्रबारे जानकारी दिँदै गैरआवासीय नेपालीहरूलाई नेपालमा लगानी बढाउन आव्हान गर्नुभयो । सामूहिक लगानी कोषमार्फत गैरआवासीय नेपालीहरूले नेपालमा प्रत्यक्ष लगानी गर्न सक्ने धारणा व्यक्त गर्दै उहाँले देशमा भर्खर स्थापना भएको जलविद्युत् विकास तथा लगानी कम्पनीमा लगानी गर्न सुझाव दिनुभयो ।

गैरआवासीय नेपालीहरूले फ्लाट तथा अपार्टमेन्ट, सेयर बजार र पूर्वाधार विकास विशेषगरी जलविद्युत् तथा पर्यटन विकासमा लगानी गर्ने अवसर नेपालमा रहेको चर्चा गर्दै गभर्नर डा. खतिवडाले हाल बैंक तथा वित्तीय संस्थाहरूले निक्षेपमा बढी व्याज दिइरहेको हुँदा ती संस्थामा निक्षेप जम्मा गरेर लाभ लिन आग्रह गर्नुभयो ।

पाँच सत्रमा सम्पन्न सम्मलेनको ‘नेपालको लगानी प्रवर्द्धनमा गैरआवासीय नेपालीको भूमिका’ विषयक दोस्रो सत्रको अध्यक्षता गभर्नर डा. खतिवडाले गर्नुभएको थियो । सो अवसरमा उहाँले गैरआवासीय नेपालीहरूको पूँजी, अनुभव, ज्ञान, सिप र प्रविधि नेपालको विकास निर्माणमा लगाउनु पर्ने धारणा राख्नुभएको थियो ।

गैरआवासीय नेपालीहरूको लगानीमा रसियाको इथ्नोमिरमा निर्माण गरिएको ‘नेपाल हाउस’ को उद्घाटन समारोहमा पनि गभर्नर डा. खतिवडा सहभागी हुनुभएको थियो ।

सम्मेलनमा भाग लिन गभर्नर डा. खतिवडा साउन ५ गते मस्को प्रस्थान गर्नुभएको थियो ।

मिति : २०६८ साउन १० गते

गभर्नरको कार्यालय